# प्रभाव दैनिक
National Daily

| वर्ष ११ | अंक ३३ | काठमाडौं | शनिबार, १२ जेठ २०८१ | Prabhab National Daily | Saturday, May 25, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।- |
|---|---|---|---|---|---|---|---|---|



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# चार वर्षपछि खुल्दै किमाथाङ्का नाका

■ अशोक घिमिरे

**काठमाडौं–** नेपाल सरकारको निरन्तरको प्रयासपछि संखुवासभास्थित चीनसँग जोडिएको किमाथाङ्का नाका आज (शनिबार) देखि पुनः सञ्चालनमा आउँदै छ । नेपाल र चीनका उच्च राजनीतिक नेतृत्वबीचको वार्ता, संवाद र सहमतिबाट करिब चार वर्षपछि नाका पुनः सञ्चालनमा आउन लागेको हो ।

चीन सरकारले कोभिड महामारीका कारण देखाउँदै किमाथाङ्का नाका बन्द गरेको थियो । नेपालको उत्तरी क्षेत्रमा रहेका विभिन्न १४ वटा परम्परागत नाका पुनः सञ्चालनका लागि नेपाल र चीनबीच निरन्तर छलफल हुँदै आएको थियो । उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले गत चैतमा गरेको चीनको औपचारिक भ्रमणका अवसरमा नेपाल-चीन सीमा क्षेत्रमा रहेका परम्परागत नाका खुलाउने समझदारी भएको थियो ।

रसुवागढी-केरुङ, तातोपानी-झाङ्मु, यारी-पुरान तथा नेचुङ-लिची (कोरला) व्यापारिक नाका यसअगावै सञ्चालनमा आइसकेका छन् । अन्य नाका सञ्चालनको तयारी भइरहेका छन् । किमाथाङ्का नाका पुनः सञ्चालन गरेर सीमावर्ती क्षेत्रमा सहज आवतजावतका व्यवस्था मिलाउन भोटखोलावासीले पटक-पटक सरकारको ध्यानाकर्षण गराउँदै आएका थिए । नाका खोल्नका लागि नेपाल र चीनका स्थानीय अधिकारीबीच पटक-पटक वार्ता भए पनि नाका खुल्ने वातावरण बन्न सकेको थिएन ।

- सीमावर्ती क्षेत्रका बासिन्दाको जनजीवन सहज हुने
- उपप्रधान एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले आज एक समारोहकाबीच किमाथाङ्का नाका पुनःसञ्चालन घोषणा गर्ने
- कोरोना महामारी देखिएपछि चीन सरकारले २०७६ माघ ५ गतेदेखि किमाथाङ्का नाका पूर्णरूपमा बन्द गरेको थियो

उपप्रधानमन्त्री श्रेष्ठले शनिबार एकसमारोहकाबीच संखुवासभास्थित किमाथाङ्का नाका पुनःसञ्चालन भएको घोषणा गर्ने कार्यक्रम छ । नाका सञ्चालनका लागि उपप्रधानमन्त्री श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डल शनिबार किमाथाङ्का नाका जाने कार्यक्रम तय भएको छ । किमाथाङ्का नाकास्थित चिनियाँ भन्सार कार्यालयमा नाका पुनः सञ्चालन घोषणाका लागि सार्वजनिक कार्यक्रम आयोजना गरिएको छ ।

कोरोना महामारी देखिएपछि चीन सरकारले २०७६ माघ ५ गतेदेखि किमाथाङ्का नाका पूर्णरूपमा बन्द गरेको थियो । नाका बन्द भएसँगै सीमावर्ती क्षेत्रसँग जोडिएको भोटखोलाका स्थानीयको जनजीवन कष्टकर हुँदै आएका थिए । भोटखोला गाउँपालिकाका अधिकांश जनता खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुका लागि सीमावर्ती चिनियाँ बजारमा निर्भर हुँदै आएका थिए । 'सीमा क्षेत्रबाट ३० किलोमिटर आसपासका नागरिकले परिचयपत्रका आधारमा किमाथाङ्का नाका पारि पुगेर चिनियाँ बजारबाट दैनिक उपभोग्य वस्तु खरिद गर्दै आइरहेका थिए,' संखुवासभाका प्रमुख जिल्ला अधिकारी ध्रुवबहादुर खड्काले भने,

(क्रमशः पृष्ठ २ मा)

गृहमन्त्री-कांग्रेस टकरावले प्रभावित बन्दै बजेट

# अध्यादेशबाट आउने डर



हामी समितिको विषयमा स्पष्ट छौं । सदन अघि नबढे यसको जिम्मेवारी सरकारले लिनुपर्छ ।

**डा. प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस



बजेट नियमित अधिवेशनबाटै आउँछ । यो संविधानमै भएको कुरा हो ।

**गोविन्द आचार्य**
प्रधानमन्त्रीका प्रेस सल्लाहकार




■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्ने दिन आउन तीन दिन बाँकी छ । जेठ १५ गते बजेट ल्याउनैपर्ने संवैधानिक बाध्यता भए पनि सदन अवरोध खुलाउन नसक्दा सरकारमाथि दबाब बढ्दो छ ।

सहकारीको रकम अपचलनमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने संलग्न रहेको आरोपमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय छानबिन समिति माग गरेको धेरै भइसक्यो । सरकारले भनेअनुसार गृहमन्त्रीलाई सदनमा जवाफ दिने मौका दिए पनि समितिबारे कुनै निर्णयमा सरकार पुग्न नसकेपछि कांग्रेसले शुक्रबारको सदन पनि अवरुद्ध पार्‍यो ।

शुक्रबार प्रतिनिधिसभामा नीति तथा कार्यक्रममाथि छलफल गर्ने कार्यसूची थियो । जेठ १ गते राष्ट्रपति रामचन्द्र पौडेलले प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि कुनै छलफल हुन सकेको छैन । सत्तापक्षले सदनको यस्तो परिस्थिति बनेकोमा कांग्रेसलाई दोष दिइरहेको छ भने कांग्रेसले सत्तापक्षलाई ।

कांग्रेस सहकारी ठगी प्रकरणमा गृहमन्त्री लामिछानेमाथि अनुसन्धान गर्न समितिकै अडानमा यथावत् छ । 'सहकारी ठगी प्रकरणमा नेपाल सरकारका उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने संलग्न भएको पर्याप्त आधार र तथ्य निरन्तर सार्वजनिक भइरहेका छन्,' जेठ ९ गते कांग्रेसले केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकले यस विषयमा निर्णय गर्‍यो, 'बचतकर्ताको रकम दुरूपयोग अपचलन गर्ने सम्बन्धमा सत्यतथ्य छानबिन गरी त्यस्तो कार्य गर्नेको अध्ययन गरी त्यस्ता कम्पनीबाट बचतकर्ताको बचत फिर्ता गर्न र कम्पनी र सञ्चालकलाई कानुनी कारबाहीको दायरामा ल्याउन संसदीय छानबिन समितिको गठन नै आजको आवश्यकता हो भन्ने नेपाली कांग्रेसको अडानलाई पुनः दोहोर्‍याउन चाहन्छ ।'

(क्रमशः पृष्ठ २ मा)

## सरकारको तयारी के छ ?

नेकपाकालमा प्रधानमन्त्री रहेका केपी शर्मा ओलीले अध्यादेशबाट बजेट ल्याएका थिए । यद्यपि उक्त समय प्रतिनिधिसभा विघटन गरिएको थियो । निर्वाचन घोषणासहित त्यतिबेलाका राष्ट्रपति विद्यादेवी भण्डारीले २०७८ जेठ ८ गते प्रतिनिधिसभा विघटन गरेकी थिइन् । सरकारले त्यसको एक हप्तापछि अध्यादेशमार्फत जेठ १५ मा आर्थिक वर्ष २०७८/७९ को लागि बजेट ल्याएको थियो ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### अध्यादेशबाट आउने ...

गृहमन्त्री लामिछानेले जेठ ७ गते सदनमा राखेको अभिव्यक्तिबाट कांग्रेस थप आक्रामक बनेको छ। उसले काठमाडौं जिल्ला कार्यसमितिलाई गृहमन्त्रीविरुद्ध सडक आन्दोलन गर्नसमेत निर्देशन दिएको छ।

**सरकार लचक, कांग्रेस पनि लचक, तर छैन सहमति**

सत्तापक्षको स्पष्ट बुझाइ छ- समिति बने सरकार ढल्छ । यही कारण छानबिन समितिको कार्यादेश (टिओआर) तय गर्न बनेको कार्यदलले अझैसम्म कुनै निर्णय गर्न सकेको छैन । कानुनमन्त्री पदम गिरीको संयोजकत्वमा जेठ ५ गते बनेको कार्यदलमा एमालेको अडान छ- व्यक्तिको नाम उल्लेख गर्नुभन्दा संस्थाको नाम उल्लेख गरेर अघि बढौं । यद्यपि एमालेबाट सदस्य रहेको प्रमुख सचेतक महेश बर्तौला यसबारे कांग्रेस लचक बनिसकेको दाबी गर्छन्।

'सूर्यदर्शन, सुप्रिम, स्वर्णलक्ष्मी, सहारालगायतका सहकारीको नाम राख्ने तर व्यक्तिको नाम नराख्ने भनेर हामीले प्रस्ताव राखेका हौं,' शुक्रबार सदन सुरु हुनुअघि बसेको बैठक निष्कर्षविहीन बनेपछि एमाले प्रमुख सचेतक बर्तौलाले भने, 'यसबारे कांग्रेस केही लचक बनेको छ ।' कांग्रेसबाट कार्यदलमा सदस्य रहेका जीवन परियार भने कांग्रेस पुरानै मागमा अडिग रहेको बताउँछन् । 'कांग्रेस पुरानै मागमा यथावत् छ । एकै सदनकी माननीय गीता बस्नेतलाई सहकारीको रकम अपचलनमा पक्राउ पुर्जी जारी हुन्छ, अर्को माननीय सरकारको मन्त्री हुनुहुन्छ । यो हामीलाई मान्य छैन,' कांग्रेस सहमहामन्त्री परियार भन्छन्।

गृहमन्त्रीको अभिव्यक्तिपछि थप आक्रामक बनेको कांग्रेस कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहिया पक्राउ प्रकरणको मुद्दालाई पनि बोकेर अघि बढेको छ। प्रधानमन्त्री पुष्पकमल दाहालले पेलेरै विश्वासको मत लिएपछि कांग्रेस झन् आक्रामक बनेको हो । 'हामी समितिको विषयमा स्पष्ट छौं। सदन अघि नबढे यसको जिम्मेवारी सरकारले लिनुपर्छ,' कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत बताउँछन्।

शुक्रबार दिउँसो नै शीर्ष दलका नेताहरूसँग प्रधानमन्त्री पुष्पकमल दाहालले सदन खुलाउनेबारे बालुवाटारमा छलफल गरे । छलफलमा समिति बनाउने विषयमा प्रधानमन्त्री लचक बनेको कांग्रेस प्रमुख सचेतक रमेश लेखकले बताए । 'समिति बनाउनेबारे प्रधानमन्त्री लचक बन्नुभएको छ,' बैठकपछि लेखकले भने । दुवै पक्षले लचक बनेको बताए पनि टिओआरमा अझै केही टुंगो लागेको छैन।

एमाले प्रमुख सचेतक बर्तौला भने कांग्रेसले फेस सेभिङकै लागि भए पनि सेफ ल्याण्डिङ खोजिरहेको बताउँछन् । 'समिति बन्छ । कांग्रेसले फेस सेभिङ खोजिरहेको छ,' बर्तौलाले भने ।

■■■

### सरकारको तयारी ...

यसपटक सदन भए पनि कांग्रेसको अवरोध जारी राखेको छ । सरकार ओलीको निर्देशनमा चल्ने भएकोले यसपटक पनि अध्यादेशबाटै बजेट आउने हो कि ? धेरैले आशंका गर्न थालेका छन् । तर १५ गतेसम्ममा दलहरूबीच सहमति बन्ने र नभए विपक्षीको अवरोधका बीच बजेट प्रस्तुत गर्ने तयारीमा रहेको प्रधानमन्त्रीको सचिवालयले जनायो । 'बजेट नियमित अधिवेशनबाटै आउँछ । यो संविधानमै भएको कुरा हो,' प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले भने ।

सत्ताको नेतृत्व गरिरहेको माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे संसद् चलिरहेको अवस्थामा अध्यादेशबाट बजेट ल्याउन नसकिने बताउँछन्। 'सदन चलिरहेको अवस्थामा अध्यादेश ल्याउने कुरै हुन्न,' पाण्डेले भने । अहिलेको समस्या समाधान गर्न प्रधानमन्त्री दाहाल लागिपरेको उनको भनाइ छ। 'अहिले अलिअलि समस्या देखिएको हो । समस्याको समाधान गर्ने गरी कार्यदल बनेको छ। यसबाट निचोड निस्कन्छ। सरकारका तर्फबाट पनि प्रधानमन्त्रीले सहमति जुटाउन बारम्बर प्रयास गरिरहनुभएको छ,' पाण्डेले भने।

एमाले प्रमुख सचेतक बर्तौला पनि सरकार यही मोडलमा जान सक्ने बताउँछन्। 'संविधानले दिएको बाटो प्रयोग गरेर बजेट ल्याउने हो,' बर्तौलाले भने। यसअघि जेठ ७ गते प्रधानमन्त्री दाहालले अवरोधकै बीच विश्वासको मत लिएका थिए। दोस्रो दिन ८ गते गृहमन्त्री लामिछानेले कांग्रेसको वेल घेराउ र नाराबाजीका बीच राजनीतिक दलसम्बन्धी विधेयक फिर्ता लिए।

संविधानमै जेठ १५ गते बजेट प्रस्तुत गर्नुपर्ने उल्लेख भएकोले कांग्रेसले यस्तो विषय रोक्न नहुने बर्तौला बताउँछन् । अर्थमन्त्री वर्षमान पुनले अघिल्लो कार्यकालमा पूरक बजेट ल्याउन पाएका थिएनन्। डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा १८ महिनाभन्दा बढी अर्थमन्त्री भएर पनि बजेट ल्याउन बजेट ल्याउन पाएनन् उनले।

२०६८ भदौ १२ मा गठित सरकारको अर्थमन्त्रीको रूपमा उनले कार्यभार सम्हालेका उनले राजनीतिक अस्थिरता, संविधान निर्माणको सकसका कारण आर्थिक वर्षको अन्तयमा बजेट ल्याउने समयसीमा नै भत्किएको थियो । त्यसपछि संविधानमै जेठ १५ गते बजेट ल्याउनुपर्ने गरी क्यालेन्डर तय गरिएको थियो। विपक्षी दलले अवरोध जारी राखे सरकार यसरी नै प्रस्तुत हुन बाध्य हुने बर्तौला बताउँछन्। कांग्रेस सांसदहरू बजेट ल्याउनका लागि सरकारले समिति बनाएर सदन खुलाउन सहजीकरण गर्नुपर्ने बताउँछन्।

■■■

### चार वर्षपछि...

'नाका बन्द भएपछि स्थानीयको आउजाउ नै ठप्प भयो, यसबाट जनजीवन निकै कष्टकर बनेको थियो ।' सरकारले सीमावर्ती क्षेत्रका नागरिकलाई एक वर्षका लागि परिचयपत्र दिने व्यवस्था मिलाएको थियो । सोही परिचयपत्रका आधारमा सीमावर्ती क्षेत्रका स्थानीयले चीनको निश्चित स्थानसम्म निर्वाध आवागमनको सुविधा प्राप्त गर्दै आइरहेका थिए । 'सीमा क्षेत्रका स्थानीय दिइएको परिचयपत्र वर्ष/वर्ष दिनमा नवीकरण गर्थ्यौं,' उनले भने, 'परिचयपत्रमा आवश्यक विवरण नेपाल र चीनको आपसी सहमतिबाट टुंग्याइएको छ, चिनियाँ कर्मचारीले सहजै चिन्ने खालको परियचपत्र जारी हुँदै आएको छ ।'

सीमावर्ती क्षेत्रका नागरिकले उत्पादन गरेका चौरीको दूध, घिउ, भेडाको ऊन र जडीबुटीलगायत चिनियाँ बजारमा बिक्री गर्ने तथा चौरी तथा भेडा चरनका लागि चिनियाँ भूभागमा लाँदै आएका प्रजिअ खड्काले बताउँछन् । नेपालमा चौरी तथा भेडाका लागि खर्कको अभाव छ। चीनको तिब्बत क्षेत्रमा रहेका खर्कमा उत्तरी सीमावर्ती क्षेत्रका स्थानीयले चौरी तथा भेडा चराउने गरेका थिए ।

किमाथाङ्का नाकाबाट मुख्यगरी स्थानीय उत्पादन तथा दैनिक जीविकाका सामग्रीको व्यापार हुँदै आएको थियो । किमाथाङ्का नाकामा अझै पनि सडक सञ्जाल पुगेको छैन। 'अहिले पनि सडक पुगेको स्थानबाट दुई दिन हिँडेर नाका पुग्न सकिन्छ, निकै विकट स्थानमा भएकाले संखुवासभाबाट चामल, नुन, तेल, चिनीलगायत दैनिक अत्यावश्यक वस्तुको आपूर्ति गर्न असहज हुँदै आएको छ,' प्रमुख जिल्ला अधिकारी खड्काले भने, 'सीमावर्ती क्षेत्रका स्थानीयले दैनिक आवश्यकताका वस्तु चिनियाँ बजारमा खरिद गरेर ल्याउने गरेका थिए ।'

चीनले यसअघि देखि नै नेपालका चौरी तथा भेडालाई तिब्बतका खर्कमा चरन सुविधा उपलब्ध गराउँदै आएको थियो । यसका लागि दुवै देशबीच सहमति भएको थियो। कोरोना महामारीका बेला नाका बन्द भएसँगै सीमावर्ती वासिन्दाले चरन सुविधा पनि गुमाएका थिए। 'नेपालका चौरी र भेडाको चरन खर्क उतै (चीन)मा थियो, नाका बन्द भएपछि साह्रै नै सकस भएको थियो,' उनले भने, 'नाका खुलेपछि अब सीमावर्ती क्षेत्रको जनजीवन सहज हुने छ ।'

व्यापारीले संखुवासभाको सदरमुकाम खाँदबारीबाट खच्चड तथा भरिया लगाएर किमाथाङ्कामा खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तु पुऱ्याउने गरेका छन्। ढुवानी खर्च धेरै लाग्दा उपभोग्य वस्तुलाई तेब्बर मूल्य तिर्न स्थानीय बाध्य हुँदै आएका थिए । किमाथाङ्का नाकासँग नेपालको भोटखोला गाउँपालिका जोडिएको छ । भोटखोला गाउँपालिकाका वडा नं १, २ र ३ ले उत्तरी छिमेकी चीनको भूभाग छोएका छन्। भोटखोला क्षेत्रमा करिब पाँच हजारको बसोबास रहेको अनुमान छ । भोटखेला क्षेत्रमा आलु र कोदो मात्र उत्पादन हुँदै आएको छ। स्थानीय उत्पादनले मुस्किलले दुई/तीन महिनाको मात्र माग धान्ने स्थानीयको भनाइ छ।

किमाथाङ्का नाकाबाट ३० किलोमिटरभित्रका नेपाली नागरिकले परिचपयपत्रका आधारमा निर्वाधरूपमा आउजाउ गर्न पाउने व्यवस्था छ। सरकारले उत्तरी सीमा क्षेत्रका बासिन्दाका लागि एकैप्रकारका विशेष पासको व्यवस्था गरेको छ। नाका सञ्चालनमा आएसँगै सीमावर्ती क्षेत्रका नागरिकको दैनिकी सहज हुने विश्वास व्यक्त गरिएको छ। *रासस*

# 'मानवअधिकारका विषयमा कसैसँग सम्झौता हुन सक्दैन'

**काठमाडौं (प्रस)–** एम्नेस्टी इन्टरनेसनलकी महासचिव डा. आग्नेस कालामार्डले मानवअधिकारका आधारभूत विषयमा कसैसँग कुनै सम्झौता हुन नसक्ने बताएकी छन्। भ्रमणका क्रममा नेपाल आइपुगेकी महासचिव डा. कालामार्डले शुक्रबार एम्नेस्टी इन्टरनेसनल नेपालले राजधानीमा आयोजना गरेको कार्यक्रममा लोकतन्त्र, मानवअधिकार र प्रेस स्वतन्त्रताको रक्षाका लागि विश्वव्यापी रूपमा एम्नेस्टीले काम गर्दै आएको बताइन् ।



उनले शुक्रबार बिहान प्रधानमन्त्री तथा विभिन्न राजनीतिक दलका शीर्ष नेताहरूसँग भेट गरेको जानकारी गराउँदै नेपालको संक्रमणकालीन न्यायका विषयमा नेताहरूसँग एम्नेस्टीको सरोकार राखेको बताइन् ।

महासचिव डा. कालामार्डले यही जेठ ३ गते श्रीलंकाबाट दक्षिण एसियाको भ्रमण सुरु गरेकी थिइन् । श्रीलंकामा उनले गृहयुद्धमा जीवन गुमाएका हजारौं नागरिकको सम्झनामा जेठ ५ गते मुल्लिभाइक्कलमा आयोजना गरिएको स्मृति कार्यक्रममा सहभागिता जनाएकी थिइन् ।

दक्षिण एसियाको भ्रमणका क्रममा डा. कालामार्डले मानवअधिकार र अन्तर्राष्ट्रिय कानुनमा देखिएको विश्वव्यापी खतरा, दक्षिण एसियाको मानवअधिकार अवस्था, जलवायु परिवर्तन र मानवअधिकारमा यसको प्रभाव, मानवअधिकारका सवालमा सरकारको दोहोरो मापदण्ड, ऐतिहासिक चुनावी वर्षमा आर्टिफिसियल इन्टेलिजेन्सको नियमन र व्यवस्थापन, बिग टेक कम्पनीको जवाफदेहितालगायत विषयमा जानकारी लिएकी थिइन् ।


## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रिको सूचना

पहिलो पटक सूचना प्रकाशन मिति २०८१/०२/१२

यस सामुदायिक वन उपोक्ता समुहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २४२१ मिति २०८०/११/१७ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ३६४८ मिति २०८१/०२/०६ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, कर्मा, जामुन र धौटी लगायत जातका गोलिया थान डड को १८५२.८२ काठ, साल जातको दाउरा ५.५५ चट्टा र अन्य जानको दाउरा ३.६ चट्टालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । ईच्छुक वन पैदावारको कार्य गर्नका लागी डिभिजन वन कार्यालयमा दर्ता भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएकोले मितिले २१ (एक्काईस) दिनभित्र बोलपत्र खरिद गरि प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र २२औं दिन दिउँसो १:३० वजे भित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री वारसी बाबा सामुदायिक वन उपभोक्ता समूह**
**नरैनापुर-४, बाँके**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशन मिति: २०८१/०२/१२)**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८०/०८१ मा उत्पादन भएको तथा जिल्ला वन पैदावार आपूर्ति समितबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ९३ को १७२९.७६ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**कोन्छ्योडसुम सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-८, मकवानपुर**

## बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.
## (बागमती प्रोस्कून)
**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

## ऋणीलाई ऋण तीर्न आउने सम्बन्धमा १५ दिने सूचना

**बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) बनेपा न.पा-६ का ऋणी नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था लि. लाई ऋण चुक्ता गर्न आउने बारेको १५ दिने सूचना**

तपसिलमा उल्लेखित संघको सदस्यले यस संघबाट प्राप्त गर्नु भएको व्यवसाय ऋण बापत यस संघसंग भएको सम्झौताको शर्त बमोजिम संघलाई किस्ताबन्दी रूपमा तिर्न बुझाउनु पर्ने ऋणको साँवा र सो को ब्याज रकम नबुझाउनु भएको तथा सो ऋणको साँवा तथा व्याज रकम यस संघलाई तिर्न बुझाउनु पटक पटक लिखित (प्रत्यक्ष पत्राचार तथा हुलाक मार्फत) एवम् मौखिक रूपमा तारताकेता गर्दा समेत बेवास्ता गरी तिर्नु बुझाउन नआउनु भएकोले यस संघबाट प्राप्त गर्नु भएको ऋणको साँवा ब्याज र विलम्ब शुल्क चुक्ता भुक्तान गर्न आउनु भनि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अत: यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संघको बनेपा नगरपालिका वडा नं.-७, स्थित केन्द्रीय कार्यालयमा सम्पर्क राखी तपसिलमा उल्लेखित ऋणको सम्पूर्ण साँवा तथा सोमा संघको नियमानुसार लाग्ने ब्याज र विलम्ब शुल्क आदि समेत चुक्ता फछ्यौट गर्न गराउन हुन सूचित गरिन्छ। अन्यथा यस संघको नाममा धितो सुरक्षण लेखिदिएको तपसिल बमोजिमको घर जग्गा र लिगलगापात समेत सहकारी ऐन २०७४, अन्य प्रचलित कानून एवम् संघ सञ्चालन गर्न बनेको विनियम तथा स्वीकृत नीतिहरू अनुसार लिलाम बिक्री वा नेगोशिएसन वा अन्य तवरले बेचविखान गरी वा अन्य व्यवस्था गरी संघ आफूले ऋणको साँवा व्याज र विलम्ब शुल्क अशुल उपर गरी लिन सक्ने वा तपाईलाई संघको ऋण नतिर्ने संस्थाको रूपमा कालोसूचीमा समावेश गर्न सक्ने तथा ऋण प्राप्त गर्दा संघसंग गरिएको सम्झौताको शर्त बमोजिम संघको सम्पूर्ण लेना रकम अशुल उपर गरिने व्यहोरा समेत अवगत गराइन्छ।


**तपसिल**

**ऋणीको नाम : नेशनल नमोवुद्ध बचत तथा ऋण सहकारी संस्था लि.**
**ठेगाना : काठमाडौ म.न.पा वडा नं. २६, समाखुशी**

| संस्था मार्फत धितो सुरक्षण लेखिदिने व्यक्तिहरूको विवरण | धितो सुरक्षणको विवरण | ऋणको किसिम |
|---|---|---|
| पुड्के लामाको नाति क्षत्रबहादुर लामाको छोरा नुवाकोट जिल्ला ककनी न.पा वडा नं. ९ बस्ने वर्ष ५५ को गोपाल लामा -१<br>ठुली बुद्धिमानको नाति पुर्ण सि तामाङको छोरा काभ्रेपलाञ्चोक जिल्ला नमोबुद्ध न.पा वडा नं. ८ बस्ने वर्ष ३९ को पृथ्वी तामाङ -१, समेत जवान -२ | उल्लेखित व्यक्तिहरूको संयुक्त नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेष्ता कायम भएको धादिङ जिल्ला साविक नलाङ को कि.नं. क्रमश : १६५, ७, १५९, १७२, ११४, १६१ को क्षेत्रफल क्रमश: २५-४-०-०, १-१२-०-०, ११-७-३-३, ८-०-०-०, ४-०-०-०, १८-११-०-२ को जग्गा कित्ता -६ | व्यवसाय |
| नेशनल गोर्खा सेभिङ्ग एण्ड क्रेडिट को अपरेटिभ लि. (हाल नेशनल नमोबुद्ध साकोसमा एकीकरण भएको) | एकीकरण पूर्वको साविक संस्थाको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता श्रेष्ता कायम भएको साविक बेलकोट गा.वि.स वडा नं. ४ कि.नं. ११४ को क्षे.फ २०-५-०-३ को जग्गा कित्ता-१ | व्यवसाय |

**संचालक समिति**
**बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

जेठ १२ गते २०८१, शनिबार

| | |
|---|---|
| **मेष** | शत्रु परस्त हुनाले नयाँ अवसर प्राप्त हुनेछ। |
| **वृष** | काम प्रारम्भ गर्न सकिनेछ। |
| **मिथुन** | मिहिनेतले आटेको काम सम्पन्न हुनेछ। |
| **कर्कट** | मिहिनेतले काम, दाम र इमान हात पर्नसक्ला। |
| **सिंह** | व्यवसायिक काममा फाइदा हुनेछ। |
| **कन्या** | रोकिएका काम दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला। |
| **तुला** | सातामा संघर्ष गरेपनि सफलता पाइएला। |
| **वृश्चिक** | बुद्धिको उपयोगले चुनौति पन्छाउन सकिनेछ। |
| **धनु** | रमाइलो जमघट र खानपानको आनन्द हुनेछ। |
| **मकर** | पेशा व्यावसायमा फाइदा, तारिफा योग्य काम। |
| **कुम्भ** | मिहिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ। |
| **मीन** | बोलिको माध्यमले काम सम्पन्न हनेुछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ १२ गते, २०८१, २५ मे, २०२४

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.०४ | १३३.६४ |
| युरो | १ को | १४४.६४ | १४५.२९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.९७ | १६९.७४ |
| स्विस फ्रैन्क | १ को | १४६.३४ | १४७.०० |
| अस्ट्रेलियन डलर | १ को | ८९.०४ | ८९.४५ |
| क्यानाडियन डलर | १ को | ९७.७४ | ९८.१९ |
| सिँगापुर डलर | १ को | ९८.८७ | ९९.३१ |
| जापानी येन | १० को | ८.५५ | ८.५९ |
| चिनियाँ युआन | १ को | १८.४२ | १८.५० |
| साउदी अरब रियाल | १ को | ३५.४७ | ३५.६३ |
| कतारी रियाल | १ को | ३६.४९ | ३६.६६ |
| थाई भाट | १ को | ३.६९ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२२ | ३६.३८ |
| मलेसियन रिङेट | १ को | २८.३८ | २८.५१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८३ | ९.८८ |
| स्विडिस क्रोनर | १ को | १२.४२ | १२.४७ |
| डेनिस क्रोनर | १ को | १९.३८ | १९.४७ |
| हङकङ डलर | १ को | १७.०५ | १७.१३ |
| कुवेती दिनार | १ को | ४३३.१७ | ४३५.१३ |
| बहराइन दिनार | १ को | ३५२.९० | ३५४.४९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।



**उपल्लो मुस्ताङमा पर्यटक** | मुस्ताङको लो–घेकर दामोदरकुण्ड गाउँपालिकाको घमी हुँदै लोमान्थाङतर्फ पैदलयात्रा गरेर जाँदै गरेका पर्यटक । पैदलमार्ग सडकमा विस्थापित भएपछि पर्यटकहरूलाई समस्या भएको छ । *तस्बिरः सन्तोष गौतम/रासस*

# ५७ जिल्लामा फैलियो डेंगी, सचेतना अपनाउन आग्रह



**काठमाडौं–** डेंगी रोगको संक्रमण ५७ जिल्लामा देखिएको छ। मौसम परिवर्तनसँगै पानी पर्न थालेपछि डेंगी रोगको संक्रमण पनि बढ्न थालेको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले पानी पर्न थालेपछि मानिसले पानी संकलन गरेर राख्ने र संकलन गरिएको पानीमा लामखुट्टे रहने भएकाले डेंगीको जोखिम बढेको जानकारी दिए । उनका अनुसार ५७ जिल्लामा नौ सय चार जनामा संक्रमणमा देखिएको छ ।

उनले पानी पनि पर्न सुरु भएकाले डेंगीको जोखिम बढ्ने भएकाले सचेतना अपनाउन आग्रह गरे । 'पानी पर्न थालेपछि डेंगी रोगको संक्रमण पनि बढ्छ,' उनले भने, 'त्यसैले संक्रमणको रोकथाम र नियन्त्रण गर्न पानी जम्न नदिने र लामखुट्टे मार्न अभियान सञ्चालन गर्नुपर्दछ ।' गत वर्ष ७७ जिल्लामा ५१ हजार १४३ जनामा डेंगी रोगको संक्रमण देखिएको थियो ।

उनका अनुसार यसपटक धेरैको संख्यामा कुनै पनि जिल्लामा संक्रमण देखिएको छैन । उनले जोखिम हुने ठाउँको पहिचान गरेर लामखुट्टे मार्न अभियान सञ्चालन गर्न ३३ स्थानीय तहलाई निर्देशन दिइसकेको बताए । डेंगी पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी' र 'एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ । ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा बयस्क भएर टोकेपछि डेंगी लाग्दछ ।

'गर्मीसँगै पानी संकलन गरेर राख्ने गरिन्छ, त्यसरी संकलन गरिएको पानीमा लामखुट्टेले फुल पार्दछ, सफा पानीमा त्यही लार्भा बन्ने र वयस्क भएपछि मानिसलाई टोक्ने गर्दछ,' उनले भने । डेंगी हुँदा उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्ने आदिजस्ता लक्षण देखा पर्दछन् ।

लामखुट्टेबाट बच्नका लागि सधैं झुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएका लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न मन्त्रालयले अनुरोध गरेको छ। यस्तै सम्भव भएसम्म लामखुट्टे भगाउने धुप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढंगले पाल्न र घर वरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न दिनु हुँदैन । *रासस*

# आवेदन दिने सबैलाई सीप सिकाउँदै कामपा

**काठमाडौं (प्रस)–** गत वैशाख १९ गतेदेखि काठमाडौं महानगरपालिकाले आयोजना गरेको सीप मेलामा आवश्यकभन्दा बढी आवेदन परेपछि विद्यालय र क्याम्पससँगको सहकार्यमा तालिम उपलब्ध गराउने भएको छ ।

कामपाले २०८१ को शुभारम्भसँगै दुई हजार ८१ जनालाई सीपमूलक तालिम दिएर 'स्वरोजगार,' 'रोजगार' र 'अन द जब ट्रेनिङ' उपलब्ध गराउने लक्ष्य लिएको थियो। तोकिएको संख्याभन्दा बढी आवेदन परेपछि शैक्षिक संस्थासँग सहकार्य गरेर तालिम उपलब्ध गराउने योजना रहेको कामपाले जनाएको छ । कामपा सामाजिक विकास विभाग निमित्त प्रमुख विमला कोइरालाले भने, '६० हजार बढीले आवेदन दिनुभएको छ । आवेदन परेकामध्येबाट छनोट गरेर वा कागजात पूरा भएका नागरिकलाई कामपाले भनेअनुसारको तालिम उपलब्ध गराउँछौं ।' उनका अनुसार महानगरले आवश्यकता आधारमा क्याम्पस र विद्यालयसँग सम्झौता गरिसकेको छ ।

फाराम भरेकामध्येबाट दुई हजार ८१ जनालाई तत्काल तालिम दिने र अन्यलाई आवश्यकताका आधारमा आगामी तीन वर्षभित्र तालिम दिइने कोइरालाले जानकारी दिए । कामपाको गौरव योजनाअन्तर्गत 'रोजगारी र आयमा वृद्धि, काठमाडौंको समृद्धि' अन्तर्गत सीप मेला सुरु गरेको हो । मेलाका लागि महानगरले नेपाल तालिम तथा रोजगारी व्यवसायी महासंघसँग सहकार्य गरेको जनाएको छ ।

मेलाबाट १० क्षेत्रका ३६ पेसासम्बन्धी तालिम दिने लक्ष्य राखिएको विभाग निमित्त प्रमुख कोइरालाले बताए । उनका अनुसार मेलाले छरिएर रहेका सीपलाई एकीकृत गर्ने, सीप भएका व्यक्तिलाई रोजगारदाताको पहुँचमा पुऱ्याउन मद्दत गर्ने छ ।

कोइरालाका अनुसार गत वैशाख १९ गते सुरु भएको 'सीप मेला' अन्तर्गत १५ दिन अवधिका पहिलो चरणका तालिम सकिएका छन् । अहिले ती कक्षाहरू दोस्रो चरणमा सञ्चालन भइरहेका छन् । 'पहिलो चरणमा एक हजार ५७७ जनाका लागि तालिमको कोटा थियो,' उनले भने, 'यसमध्ये एक हजार ५०५ जना तालिममा सहभागी हुनुभएको छ । यही जेठ ६ गतेदेखि १५ दिन अवधिका दोस्रो चरणका कक्षा सुरु भएका छन् ।'

कोइरालाका अनुसार १० क्षेत्रका ३० पेसासँग सम्बन्धित सीप तालिममा समावेश गरिएका छन् । अटो इलेक्ट्रिक, इलेक्ट्रिक कार (इभी), डकर्मी, टाइल एण्ड मार्बल फिटिङ, इलेक्ट्रिसियन, प्लम्बिङ, रेफ्रिजेरेसन एण्ड एसी टेक्निसियन र आर्ट एण्ड स्कप्चर ३० दिन अवधिका हुन् ।

नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ, नेपाल चेबर अफ कमर्स, नेपाल उद्योग वाणिज्य महासंघलगायत विभिन्न निजी क्षेत्रहरूले सीपमेलाबाट उत्पादन भएका जनशक्तिलाई कामको प्रकृति हेरेर रोजगार दिने जनाएका छन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRANCH OF SINOPEC HEAVY LIFTING & TRANSPORTATION CO., LTD

पूर्व स्वीकृति मिति २०८१/०२/११ | LT. No. 305338 | चलानी नं. ६०२१९९८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 10 | 0 | 1200 | ४२,५६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः
KATHMANDU, Kathmandu Metropolitian City, job orentation and traning center shamakhushi kathmandu
संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १९, २० र ११ गते (1,2 & 3th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com


# नेपालमा भेटियो कोरोना भाइरसको नयाँ सव भेरियन्ट

**काठमाडौं (प्रस)–** नेपालमा कोरोना भाइरस ओमिक्रोन भेरियन्टको नयाँ सव भेरियन्ट भेटिएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले कोरोना भाइरस संक्रमित ४२ जनाको जिन सिक्वेन्सिङ गर्दा 'केपी १', 'केपी २', 'केपी ३' र 'केपी ४' पुष्टि भएको प्रयोगशालाका सूचना अधिकारी कृष्णप्रसाद जैसीले जानकारी दिए ।

उनका अनुसार गत अप्रिल र मे महिनामा सातवटै प्रदेशबाट नमूना संकलन गरी जिन सिक्वेन्सिङ गरिएको थियो। तीमध्ये १२ जनामा 'केपी १,' १७ जनामा 'केपी २', एक जनामा 'केपी ३' र एक जनामा 'केपी ४' दखिएको उनले जानकारी दिए । 'यो नयाँ भेरियन्ट होइन । ओमिक्रोन भेरियन्टकै सव भेरियन्ट हो। यसलाई नयाँ नाममात्र दिइएको हो,' उनले भने । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले 'केपी' प्रजातिको भेरियन्ट संक्रामक नभएको बताए । 'केपी प्रजातिको भेरियन्ट त्यति संक्रामक छैन। यसको प्रभाव खासै छैन,' उनले भने ।


## सोलुदुधकुण्ड नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### सल्लेरी, सोलुखुम्बु
### कोशी प्रदेश, नेपाल

**नदिजन्य पदार्थको विक्री सम्वन्धी सूचना**

सूचना प्रकाशित मिति : २०८१।०२।१२

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा (६) अनुसार यस नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको सोलुदुधकुण्ड नगरपालिका वडा नं २, स्थित बेनी खोलाको बेनी हाइड्रो पावरको ड्याम साइट व्यवस्थापन गर्ने क्रममा संकलन गरि घाटगद्धी गरिएको ढुङ्गा, गिट्टी, वालुवा आदि एकमुष्ट विक्रि वितरण गर्ने कार्यका लागि देहाय वमोजिमको परिमाणको न्यनतम कवोल अंकलाई आधार मानी वढावढको माध्यमवाट विक्री वितरणका लागि यो सूचना आव्हान गरिएको छ । सामग्री लिन ईच्छुक ईजाजत प्राप्त फर्म वा कम्पनीहरुले नवीकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर प्रमाण पत्र र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी वोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै वोलपत्र खरीद गर्दा सोलुदुधकुण्ड नगरपालिकाको रा.वा. वैंक, सल्लेरी शाखामा रहेको राजश्व खाता नं. २०२०१००३०१०१०००५ र धरौटी खाता नं.२०२०१००३०३००००५ मा देहाय वमोजिमको टेण्डर दस्तुर/धरौटी वापतको रकम दाखिला गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । अन्य विस्तुत जानकारीको लागि यस नगरपालिकाको वेभसाइट **www.solududhkundamun.gov.np** मा गई यस विषयमा विस्तृत जानकारी लिन सक्नु हुनेछ ।

तपसील :

| ठेक्का नं | कुल परिमाण (घ.मी.) | न्युनतम कवोल अंक रु. कर वाहेक | धरौटी रकम रू. | टेण्डर फाराम दस्तुर रू. | कैफियत |
|---|---|---|---|---|---|
| ०७/०८०/०८१ | १,५८,०४७.६० | २३,४६,५००.०० | २,३४,६५०.०० | ३,०००.०० | |
| कुल जम्मा | | २३,४६,५००.०० | | | |

प्रमुख प्रशासकीय अधिकृत



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TECHNOMARS GENERAL CONTRACTING L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०२/११ | LT. No. 304963 | चलानी नं. ६०२१९९१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 2500 | ९०,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Asphalt Roofer | 5 | 0 | 1200 | ४३,६४५ | | | | | | | |
| 3 | Ceiling Fixer | 4 | 0 | 1200 | ४३,६४५ | | | | | | | |
| 4 | Demolition Labourer | 3 | 0 | 900 | ३२,७३५ | | | | | | | |
| 5 | Electrician | 2 | 0 | 1200 | ४३,६४५ | | | | | | | |
| 6 | House Builder | 5 | 0 | 1200 | ४३,६४५ | | | | | | | |
| 7 | Sewage Pipe Layer | 2 | 0 | 1200 | ४३,६४५ | | | | | | | |
| 8 | Stone Mason | 2 | 0 | 1200 | ४३,६४५ | | | | | | | |
| 9 | Telecommunication Assistant | 1 | 0 | 1500 | ५४,५५५ | | | | | | | |
| 10 | Tile Layer | 3 | 0 | 1200 | ४३,६४५ | | | | | | | |

कम्पनी : GULF OASIS MANPOWER SUPPLY L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०२/११ | LT. No. 304964 | चलानी नं. ६०२१९९१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 50 | 0 | 800 | २९,०९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 50 | 0 | 800 | २९,०९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १९ गते (1st June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MBK OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np
Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np
Contact: (For Kathmandu) 9818184532, 9801064154,9808658844,9828816646
Contact: (For Jhapa) 023590343,9842716845,9815933303



## साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DUBAI OASIS COMPANY

पुर्व स्वीकृति मिति २०८१/०२/०९ | LT. No. 305143 | चलानी नं. ६०२१९८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1500 | ५३,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES

पुर्व स्वीकृति मिति २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 303173 | चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI 1

पुर्व स्वीकृति मिति २०७९/०३/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 266794 | चलानी नं. ६०१८२७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 75 | 0 | 2000 | ७२,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAWARID SERVICES COMPANY LLC

पुर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 296251 | चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALABAAD ALKHAMSAH SECURITY SERVICES

पुर्व स्वीकृति मिति २०८०/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 290613 | चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 49 | 17 | 1200 | ४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १४ गते (27th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Future Star Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. ३९७/०६०/०६१
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARS INTERNATIONAL COMPANY,ONE PERSON COMPANY

पुर्व स्वीकृति मिति २०८१/०१/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/११ | LT. No. 302628 | चलानी नं.६०२१८६३८

कार्यक्रममा टण्डनले सिटी एक्सप्रेस मनी ट्रान्सफरले विदेशमा रहेका नेपालीहरूको कमाईलाई सुरक्षित रूपमा पठाउन सहयोग गर्न पाउँदा आफूलाई खुशी लागेको बताए । साथै कार्यक्रममा सहभागी सबैलाई धन्यवाद दिँदै उनले नेपालीहरूको मनोरञ्जनका लागि यस्ता कार्यक्रम आयोजना गर्दा थप सन्तुष्टि मिलेको बताए ।

नेपालका प्रसिद्ध कलाकारहरूले आफ्ना प्रस्तुति दिएर दर्शकलाई मन्त्रमुग्ध पारेका थिए । चर्चित हाँस्य कलाकार तथा सिटी एक्सप्रेस मनि ट्रान्सफरका ब्रान्ड एम्बेसडर जितु नेपालको प्रस्तुति दर्शकले निकै रुचाएका थिए । यस्तै चर्चित आधुनिक गायिका मिलन नेवारको स्वरले कार्यक्रमलाई थप भव्य बनाएको थियो । लोकप्रिय लोक दोहोरी गायक खेम सेन्चुरी र गायिका शान्तीश्री परियारले गीतमार्फत् उत्कृष्ट प्रस्तुति दिएका थिए भने कलाकार अन्जली अधिकारीले विशेष प्रस्तुति दिएकी थिइन् ।

सिटी एक्सप्रेस मनि ट्रान्सफरको सेवा प्रयोग गरेर युएईबाट थुप्रै नेपालीहरूले आफ्नो घर परिवारमा सुरक्षित तरिकाले आफ्नो दुःखको कमाइ पठाउन सकिरहेका छन् । युएईस्थित सम्पूर्ण नेपालीलाई मनोरञ्जन दिलाउने हेतुले यो कार्यक्रम आयोजना गरिएको सिटी एक्सप्रेस मनि ट्रान्सफरले जनाएको छ ।

# हेरिटेज गार्डेनमा नेपाल फेसन फेस्टिबल

■ प्रभाव संवाददाता

**ललितपुर–** फेसन नेटवर्क नेपालको आयोजनामा शुक्रवारदेखि तीन दिनसम्म आयोजना हुने 'नेपाल फेसन फेस्टिभल'प्रारम्भ भएको छ । ललितपुरको सानेपास्थित हेरिटेज गार्डेनमा बिहीवार साँझ आयोजित एक भव्य समारोहमा ललितपुर महानगरपालिकाका उपप्रमुख मञ्जली शाक्य बज्राचार्यलगायतका व्यक्तित्वले रिबन काटेर उक्त फेस्टिभलको विधिवत रूपमा उद्घाटन गरेका छन् ।

जेठ १३ गते  आइतवारसम्म सञ्चालन हुने यो फेस्टिभललाई 'दिगो फेसन, सौन्दर्य, जीवनशैली तथा कलाका लागि युवा र महिलाहरूलाई सशक्तिकरण' भन्ने नाराका साथ आयोजना गरिएको छ ।

उद्घाटन समारोहमा आफ्नो मन्तव्य व्यक्त गर्दै प्रमुख अतिथि उप-प्रमुख शाक्यले बुद्ध पूर्णिकाको पूण्य दिन पारेर उद्घाटन गरिएको यो फेस्टिभल आफैंमा उपलब्धिमूलक हुने शुभकामना व्यक्त गरिन् ।

यो फेसनसँग सम्बन्धित कार्यक्रममा म अनुभवविहिन् छु भन्ने लागेको थियो, उप-प्रमुख शाक्यको भनाइ छ- 'तर यो कार्यक्रमको तयारी, उद्देश्य तथा प्रस्तुतिकरण देख्दा म कृतक्ष भएँ । मलाई फेसन गर्न नआउने भए पनि मैले फेसन भनेको आफ्नै आत्मविश्वासको स्तर माथि पुर्याउनै शैली हो भन्ने बुझ्केकी छु । यो फेस्टिभवलले जीवन शैलीका सबै पक्षहरू समेटेको पाउँदा खुशी लागेको छ । म यो फेस्टिभलको सफलताको शुभकामना चाहन्छु ।'

उप-प्रमुख शाक्यले मेलामा प्रदर्शकको रूपमा सहभागि ८० भन्दा बढी उद्यमी-व्यवसायिहरूलाई सफलताको शुभकामना दिँदै नेपालमै बसेर केही गर्छु भन्ने हिम्मतका लागि स्यालूट गर्ने बताइन् ।

आयोजक फेसन नेटवर्क नेपालका संस्थापक निर्देशक प्रशान्त ताम्राकारले लामो समयको कठोर परिश्रमपछि नेपालमै पहिलो पटक एउटा भिन्नै प्रकारको फेस्टिभल अर्थात



नेपाल फेसन फेस्टिभल आयोजना गर्न सफल भएको बताउँदै निर्देशक ताम्राकारले नेपालको फेसन जगतलाई फेसन उद्योगमा परिवर्तन गर्न, यो क्षेत्रमा आवद्ध भएका सम्पूर्ण व्यक्ति, संघ, संस्था, उद्यमीहरूलाई एकै ठाउँमा भेला पार्न, यो क्षेत्रमा भएका उपलब्धिहरूको बारेमा जानकारी गराउनतथा सरकारलाई नेपाल फेसन काउन्सिलको स्थापना गराउन माग गर्ने उदेश्यले यो महोत्सवको आयोजना गरिएको बताए ।

नेपालको फेसन उद्योग तथा यो क्षेत्रमा कार्यरत तथा रुचि राख्ने हजारौं व्यक्तिहरूका लागि फेशन, लक्जरी तथा ब्यूटी सेग्मेन्टहरूका बारेमा ज्ञान बाँड्न, सिक्न तथा बढ्नको लागि स्थापना भएको बिजनेस नेटवर्क प्लेटफर्म फेसन नेटवर्क नेपाल (एफएनएन)  ले नेपालमै पहिलो पटक यो फेस्टिभल आयोजना गरेको हो, ताम्राकारको भनाइ छ- 'नेपालको फेसन उद्योगका सबै सरोकारवालाहरूलाई सशक्तिकरण गर्ने, विकास गर्ने र उनीहरूलाई फस्टाउन सक्ने पारदर्शी र सहयोगी फेसन उद्योगको निर्माण गर्ने उदेश्यले यो महोत्सव आयोजन गरिएको हो ।'  ताम्राकारले नेपाली फेसन, सौन्दर्य, जीवनशैली तथा कलाको क्षेत्रको उत्सवको रूपमा तीन दिने नेपाल फेसन फेस्टिभलको आयोजना गरिएको समेत बताए ।

आयोजक संस्थाका अर्का संस्थापक निर्देशक शेखर राज कसजुले यो फेस्टिभलमार्फत रचनात्मकता, नवप्रवर्तन तथा प्रेरणाको जीवन्त प्रदर्शन गर्ने थलो बनाउने उद्देश्य लिएको बताए । निर्देशक कसजुले नेपालको फेसन उद्योगलाई डिजिटलाइजेन गर्दै अनलाइन र इकमर्शमार्फत यसलाई प्रमोट गर्ने उद्देश्यले स्थापना भएको फेसन नेटवर्क नेपालले भौतिक रूपमा समेत फेसन उद्योगलाई चलायमान, संस्थागत तथा व्यवसायिक बनाउन केही नया" कार्य गर्नैपर्छ भन्ने उद्देश्यले तीन दिने नेपाल फेसन फेस्टिभल आयोजना गर्न लागेको बताए ।

हामीले एक-अर्कासंग नेटवर्किङ गर्न सकियोस्, सहकार्य गर्न सकियोस्, एक-अर्कासंग हातेमालो गर्न सकियोस् अनि आफूले हासिल गरेको अनुभव शेयर गर्न सकियोस् भनेर यो फेस्टिभल आयोजना गर्ने निर्णय गरेका हौं, संस्थापक कसजुले फेस्टिभलमा झण्डै ८० वटा स्टलमार्फत तीन दिनसम्म समाजका विभिन्न क्षेत्रलाई एउटै छानामुनि समेट्ने प्रयास गरेको बताए ।

उद्घाटन समारोहमा तीन दिनसम्म आयोजना हुने फेसन रनको समेत उद्घाटन गरियो । उद्घाटन सिक्वेन्सको रूपमा बिआईए फाउण्डेसनका आठ जना व्यक्तिहरूले मोडलको रूपमा ह्वीलचेयरमै र्याम्पमा उपस्थित भएर फेसन शो प्रस्तुत गरेका थिए । उनीहरूले पालै-पालो  र्याम्पमा प्रस्तुत भएर उपस्थित दर्शकदीर्घालाई अभिभावना गर्दा तालीको गडगडाहटले स्वागत गरिएको थियो ।

नेपाल फेसन फेस्टिभलमा जेठ ११ देखि १३ गतेसम्म हरेक साँझ ६ बजेदेखि ७ बजेसम्म फेसन रनवे आयोजना गरिँदैछ । जहाँ दुई दर्जनभन्दा बढी मोडलहरूले फेस्टिभलमै आवद्ध भएका बुटिक तथा डिजाइनरले तयार पारेका पहिरनहरू प्रस्तुत गर्नेछन् ।



# टेबलटेनिस टोली श्रीलंका जाँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण एसियाली युथ टेबलटेनिस च्याम्पियनसिपमा सहभागी हुन १२ खेलाडीसहित १५ सदस्यीय नेपाली टोली शनिबार श्रीलंकाको क्यान्डी प्रस्थान गर्दैछ ।

जेठ १३ देखि १६ गतेसम्म हुने प्रतियोगितामा नेपालले यु-१९ र यु-१५ उमेरसमूहमा चुनौती प्रस्तुत गर्ने छ । यु-१९ को ब्वाइजमा प्रिन्स थापा मगर, सिद्धार्थ तामाङ र एसियाली खेलकुदको अनुभव बटुलिसकेका रुविन महर्जन तथा गर्ल्समा वियंका राई, इभाना थापा मगर र योङगी पौडेलले प्रतिस्पर्धा गर्ने छन् । यु-१५ को ब्वाइजमा जयस्नु महर्जन, रिजन शाक्य र सुविन क्षेत्री तथा गर्ल्समा शुभश्री श्रेष्ठ, सुरम्य शाक्य र महिमा महताले खेल्ने छन् ।

प्रशिक्षकमा सन्जिव ढुंगेल तथा व्यवस्थापकमा सिक्का सुवाल




श्रेष्ठ छन् । एटीटीयु कम्पिटिसन म्यानेजर तेजेन्द्रसिंह महरा पनि सो प्रतियोगिताका लागि श्रीलंका जाँदै छन् । उनी शुक्रबारै प्रस्थान गरेका छन् । टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले बिदाइ गर्दै भने- 'टेबलटेनिसमा श्यान्टु श्रेष्ठले ओलम्पिकमा छनोट भएर इतिहास रच्नु भएको छ । अबको नयाँ अनुहार तपाईंहरू मध्येबाट हुन सक्छ । तपाईंहरू भविष्य मात्र होइन, वर्तमान पनि हो । मनभित्रदेखि राष्ट्रलाई सम्झेर उत्कृष्ट प्रदर्शन गर्नुस् । अल दि वेस्ट ।'

# बार्सिलोनाले प्रशिक्षक जाभीलाई हटायो

**काठमाडौं–** स्पेनिस क्लब बार्सिलोनाले प्रशिक्षक जाभी हर्नानडेजलाई बर्खास्त गरेको छ । बार्सिलोनाले शुक्रबार एक विज्ञप्ति जारी गर्दै जाभी अब बार्सिलोनाको मुख्य प्रशिक्षक नरहने बताएको हो । जाभीले बार्सिलोनाका लागि अन्तिम खेल आइतबार हुने ला लिगाको सेभियाविरुद्धको अन्तिम खेल हुने भएको छ ।

यस अघि जाभीले गत जनवरीमै यस सिजनको अन्त्यमा बार्सिलोना छोड्ने घोषणा गरेका थिए । यस सिजनमा ला लिगा पनि जित्ने अवस्थामा नरहेको र च्याम्पियन्स लिगबाट पनि बाहिरएको अवस्थामा जाभीले बार्सिलोना छोड्ने निर्णय सुनाएका थिए ।



तर केहि साता अघि मात्र प्रेसिडेन्ट जोन लापोर्टा र क्लबका अन्य वरिष्ठ अधिकारीहरूसँगको छलफलपछि जाभी अझै एक सिजन बार्सिलोनामै रहन सहमत भएका थिए । त्यसपछि जाभीको बार्सिलोनाका कैयौं खेलाडीसँग असमझदारी बढेपछि व्यवस्थापनले उनलाई बर्खास्त गरेको बताइएको छ ।

२०२१ को नोभेम्बर ६ मा बार्सिलोनाको प्रशिक्षक बनेका जाभीको नेतृत्वमा बार्सिलोनाले १४१ खेल खेलेको छ भने ८८ खेल जितेको छ भने २४ खेल बराबरी खेलेको छ । त्यस्तै २९ खेलमा हार बेहोरेको छ । उनको नेतृत्वमा बार्सिलोनाले २०२२-२३ को ला लिगा जितेको थियो भने २०२२-२३ को स्पेनिस सुपर कोपा जितेको छ । *एजेन्सी*

# रेडियन्ट रिडर्स र एनएसएसएफबीच सम्झौता

■ प्रभाव संवाददाता

**काठमाडौं –** विद्यालय खेलकुदको विकास र प्रवर्द्धनमा सहकार्य गर्ने उद्देश्यसहित ललितपुरको सानेपास्थित रेडियन्ट रिडर्स एकेडेमी र नेपाल विद्यालय खेलकुद महासंघ (एनएसएसएफ) बीच शुक्रबार सम्झौता भएको छ ।

रेडियन्टका संस्थापक प्रिन्सिपल डिके ढुंगाना र एनएसएसएफका महासचिव समेत रहेका अन्तर ाष्ट्रिय विद्यालय खेलकुद महासंघ (आईएसएफ) का कार्यकारी सदस्य राजकुमार कार्कीले सम्झौता पत्रमा हस्ताक्षर गरे ।

सम्झौतासँगै रेडिअन्टले आईएसएफको स्वीकृतिमा एनएसएसएफको आधिकारिक सदस्यताको मान्यता पाएको छ ।

सम्झौता अनुसार रेडियन्टलाई आईएसएफको खेलकुद गतिविधिका साथै शैक्षिक र सांस्कृतिक कार्यक्रमका लागि विश्वव्यापी मञ्च उपलब्ध गराउने, आईएसएफको अन्तर ाष्ट्रिय प्रतियोगितामा प्रथम पक्ष एनएसएसएफ मार्फत सीधै सहभागी हुन पाउने, आईएसएफको अन्तर्राष्ट्रिय मञ्चमा विद्यालयको झण्डा र लोगो प्रयोग गर्न पाउने, आईएसएफ र एसियाली विद्यालय खेलकुद महासंघ (एएसएसएफ) को साधारण सभामा एनएसएसएफको प्रतिनिधिसंगै सहभागी हुन पाउने, विद्यालय खेलकुदको गतिविधिलाई प्रवर्द्धनमा क्रियाशिल हुने पर्नेलगायतका विषयवस्तु समावेश छन् । सम्झौता बढी ३ वर्षसम्म कायम रहने छ ।




सम्झौतापछि महासचिव कार्कीले आईएसएफबाट स्वीकृति प्राप्त सदस्यता आवद्धताको प्रमाण पत्र संस्थापक प्रिन्सिपल ढुंगानालाई हस्तान्तरण गरेका थिए ।

संस्थापक प्रिन्सिपल ढुंगानाले विभिन्न अन्तर्राष्ट्रिय शैक्षिक संस्थासंग आवद्ध भएपनि खेलकुदको अन्तर्राष्ट्रिय संस्थासंग रेडियन्ट पहिलोपटक आवद्ध भएको जानकारी गराए । उनले रेडियन्टले अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको प्रतिष्ठा अभिबृद्धि गर्ने प्रमुख माध्यम मध्येको एक खेलकुदलाई विशेष प्राथमिकता दिदै आएको बताउदै एनएसएस मार्फत आईएसएरसंग जोडिन पाउँदा खुशी व्यक्त गरे ।

महासचिव कार्कीले एनएसएसएफसंग आवद्ध भएको विद्यालय परिवारलाई धन्यवाद दिदै आवद्धताले खेलकुदका अलावा आईएसएफको विभिन्न सोलिडारिटी परियोजनामा पनि सहभागी हुन पाउने बताए ।

# एटलान्टालाई युरोपा लिगको उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं –** युरोपा लिगको उपाधि इटालियन क्लब एटलान्टाले जितेको छ । बुधबार राति भएको फाइनलमा जर्मन क्लब बायर लेभरकुसेनलाई ३-० गोल अन्तरले पराजित गर्दै एटलान्टाले उपाधि जितेको हो ।

एटलान्टालाई च्याम्पियन बनाउन एडेमोला लोकमनले ह्याट्रिक गर्न सफल भए । खेलको १२औं मिनेटमा लोकमनले गोल गर्दै एटलान्टालाई अग्रता दिलाएका थिए । उनले डेभिड जापाकोस्टाको सहयोगमा गोल गर्दै सुरुआती अग्रता दिलाए । २६औं मिनेटमा लोकमनले नै व्यक्तिगत दोस्रो गोल गरेपछि एटलान्टा पहिलो हाफमा २-० को सहज अवस्थामा पुगेको थियो ।

यस्तै, खेलको ७६औं मिनेटमा लोकमनले ह्याट्रिक पूरा गरेपछि एटलान्टा च्याम्पियन बन्नका लागि औपचारिकता मात्रै बाँकी रहेको थियो । त्यसपछि निर्धारित समयमा दुवैबाट कुनै पनि गोल नभएपछि अन्ततः फाइनल पुगेको पहिलो पटकमै एटलान्टा च्याम्पियन बन्न सफल भयो । लेभरकुसेन पनि पहिलो पटक नै फाइनल पुगेको टिम हो ।



इन्डोनेसियाको मध्य जाभास्थित मागेलाङमा रहेको बोरोबुदुर मन्दिरमा वेसाक दिवस मनाउने क्रममा मानिसहरू आकाशमा लाल्टिन छोड्दै । *तस्बिरः सिन्ह्वा*

# जापानको मुद्रास्फीति सामान्य घट्यो

**टोकियो–** ग्यासको मूल्यमा गिरावट आएपछि अप्रिलमा जापानी मुद्रास्फितिको गति सुस्त भएको सरकारी तथ्यांकले शुक्रबार देखाएको छ । अस्थिर ताजा खाद्यसामग्रीको मूल्यबाहेक उपभोक्ता मूल्य सूचकांक २.२ प्रतिशतमा आएको छ । जापानको आन्तरिक मामिला मन्त्रालयले मार्चमा उक्त दर २.६ प्रतिशत मापन गरेको थियो ।

यो आँकडा बजारको अपेक्षा अनुरूप थियो र कमजोर येनले आयातित वस्तुका लागि मूल्यवृद्धि गर्दा पनि आउँछ । ब्लुमबर्ग इकोनोमिक्सका तारो किमुराले भने, 'यो आँकडाले उपभोक्ताको सुस्त मागको प्रतिक्रियामा कम्पनीहरूले मूल्यवृद्धिलाई नियन्त्रण गर्ने कदमलाई प्रतिविम्बित गर्दछ ।' 'तर खुद मापन अझै पनि बैंक अफ जापानको दुई प्रतिशतको लक्ष्यभन्दा माथि छ र पछिल्लो तथ्यांकले केन्द्रीय बैंकलाई नीति सामान्यीकरण गर्नबाट रोक्ने सम्भावना छैन,' विज्ञप्तिमा भनिएको छ । संयुक्त राज्य अमेरिका र अन्य प्रमुख अर्थव्यवस्थाहरूले हालैका वर्षहरूमा आकाशिएको मुद्रास्फीतिको सामना गरेपनि जापानमा मूल्यवृद्धि न्यून देखिएको छ ।

बैंक अफ जापानको लामो समयदेखिको अति निस्क्रिय मौद्रिक नीतिहरू विश्वको चौथो अर्थव्यवस्थाका रूपमा चिनिने जापानबाट स्थिरता र अपस्फीतिलाई हटाउनका लागि अपनाइएको कदम थियो ।यसले युक्रेन रूसले थालेको युद्धजस्ता अस्थिर, अस्थायी कारकहरूको कारण मुद्रास्फीतिको विपरीत, दुई प्रतिशतको दिगो मागद्वारा परिचालित मुद्रास्फीतिलाई लक्षित गरिरहेको छ । किमुराले भने, 'केन्द्रीय बैंक एक सदाचारी श्रममूल्य चक्रले भविष्यमा मुद्रास्फीतिलाई बढावा दिने छ । ज्यालामा वृद्धिले बैंकका अधिकारीहरूले माग गरेको दिगो मुद्रास्फीतिलाई साकार पार्न मद्दत पुऱ्याउँछ । उनले भने, 'उपयोगिता शुल्कमा अपेक्षित वृद्धिले आगामी महिनाहरूमा मुद्रास्फीतिको आँकडालाई पनि बढाउने छ, जुलाई र अक्टोबरमा बैंकले दर वृद्धिका लागि राम्रो अवस्था प्राप्त गर्ने छ ।'

कमजोर

येन जापानी निर्यातक र विदेशी आगन्तुकहरूका लागि राम्रो देखिएको छ, तर यसले बाह्य पर्यटकहरूका लागि आयात र विदेशी यात्रालाई अधिक महँगो बनाउने छ । ताजा खाना र ऊर्जा दुवैलाई अलग गर्दै, मूल्यहरू मार्चको २.९ प्रतिशतबाट तल झरी अप्रिलमा २.४ प्रतिशत कायम भएको छ । *रासस⁄एएफपी*


## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०२/१२)**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ११४ को ३५१८.२५ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा ४.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**गोरखनाथ सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–७, मकवानपुर**


# 'प्यालेस्टिनी प्राधिकरण वित्तीय संकटको जोखिममा'

**वासिङ्टन–** प्यालेस्टिनी प्राधिकरणले वित्तीय पतनको सम्भावनाको सामना गरिरहेको विश्व बैंकले जनाएको छ । गाजा युद्धको पृष्ठभूमिमा राजस्व स्रोतहरूको अभाव हुनुका साथै आर्थिक गतिविधिहरू खस्किरहेकाले यस्तो भएको बैंकले जनाएको छ ।

प्यालेस्टिनी प्राधिकरणको वित्तीय अवस्था विगत तीन महिनामा नाटकीय रूपमा बिग्रिएकाले वित्तीय पतनको जोखिमलाई बढाएको बैंकले शुक्रबार जारी विज्ञप्तिमार्फत जानकारी गराएको हो । बैंकका अनुसार प्यालेस्टिनी प्राधिकरणलाई तिर्नुपर्ने निकासी राजस्व हस्तान्तरणमा कमी र आर्थिक गतिविधिमा ठूलो गिरावटका कारण राजस्व स्रोतहरूमा अत्यधिक कमी आएको छ ।

सन् २०२३ को अन्त्यमा ६८ करोड २० लाख अमेरिकी डलर रहेको कोष अन्तर आगामी महिनाहरूमा दोब्बर भई प्यालेस्टिनी प्राधिकरणको घाटा १.२ अर्ब डलर पुग्ने अनुमान गरिएको छ । प्यालेस्टिनी अर्थतन्त्र ६.५ देखि ९.६ प्रतिशतको बीचमा संकुचित हुने अनुमान गरिएकोमा बैंकका दृष्टिकोणसमेत युद्ध लम्बिँदै जाँदा अनिश्चित बनेका छन् । बढ्दो विदेशी सहायता र सार्वजनिक कर्मचारी र आपूर्तिकर्ताको थप बक्यौता जम्मा गर्नु प्यालेस्टिनी प्राधिकरणका लागि उपलब्ध वित्तीय विकल्पहरू मात्र भएको बैंकले जनाएको छ ।

दक्षिण इजरायलमा अक्टोबर ७ मा भएको प्यालेस्टिनी इस्लामिक समूह हमासको आक्रमणपछि गाजामा युद्ध सुरु भएको थियो । इजरायली अधिकारीहरूले उपलब्ध गराएको तथ्यांकअनुसार गाजामा हमासको आक्रमणमा परी एक हजार १७० भन्दा बढी मानिसहरूको मृत्यु भएको थियो । आक्रमणपछि हमासले २५२ जनालाई बन्धक बनाएका थिए, जसमध्ये १२४ जना गाजामा रहेका र तीमध्ये पनि ३७ जनाको मृत्यु भएको इजरायली सेनाले जनाएको छ ।

यसैगरी हमासको नियन्त्रणमा रहेको गाजास्थित स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलको जवाफी आक्रमणले गाजामा कम्तीमा ३५ हजार ८०० मानिस मारिएकोमा अधिकांश महिला र बालबालिका छन् । हमास र इजरायलबीचको लडाइँका कारण पछिल्लो समय इजरायलले १९६७ देखि कब्जा गरेको वेस्ट बैंकमा पनि हिंसा बढेको छ । वेस्ट बैंकमा प्यालेस्टिनी प्राधिकरणले सीमितरूपमा प्रशासनिक उपस्थिति रहेको छ ।

प्यालेस्टिनी अधिकारीहरूका अनुसार अक्टोबर ७ देखि कम्तीमा ५१८ जना प्यालेस्टिनीहरू इजरायली सेना वा वेस्ट बैंक क्षेत्रमा बसोबास गर्ने इजरायलीद्वारा मारिएका छन् । उक्त अवधिमा प्यालेस्टिनी समूहले गरेका आक्रमणमा वेस्ट बैंकमा कम्तिमा १२ इजरायलीको ज्यान गएको छ । बैंकका अनुसार सन् २०२३ अक्टोबरदेखि युद्धका कारण प्यालेस्टिनी अर्थतन्त्र आएको मन्दीपछि करिब पाँच लाख व्यक्तिले रोजगारी गुमाएका छन् ।

यो अवधिमा गाजा क्षेत्र र वेस्ट बैंकमा बसोबास गर्ने क्रमशः दुई लाख र एक लाख ५० हजार मानिसहरूले रोजगारी गुमाएको अनुमान गरिएको छ । जसका कारण गरिबी बढेकाले हाल, लगभग हरेक गाजावासी गरिबीमा बाँचिरहेको बैंकले उल्लेख गरेको छ । *रासस⁄एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MASSADR HUMAN RESOURCE SERVICE COMPANY**

पूर्व स्वीकृति मिति २०८०/०९/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/११ | LT. No. 297756 | चलानी नं. ६०२१२७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labour | 9 | 0 | 1100 | ३८,९४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 9 | 0 | 1400 | ४९,५७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १९ गते (1st June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : KENSINGTON HAIR & BEAUTY**

पूर्व स्वीकृति मिति २०८१/०२/११ | LT No : 305168 | चलानी नं ६०२१९९३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Beautican | 0 | 1 | 2000 | ७३,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २० गते (2nd June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७

**CHANDANI MANAGEMENT SERVICES PVT. LTD.**
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PLANT TECH ARABIA CO. LTD.**

पूर्व स्वीकृति मिति २०८०/०२/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/११ | LT. No. 286933 | चलानी नं. ६०२०२२८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 8 | 0 | 1800 | ६३,४२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Pipe Fitter | 4 | 0 | 1300 | ४५,८०५ | | | | | | | |
| 3 | Scaffolder | 2 | 0 | 1300 | ४५,८०५ | | | | | | | |
| 4 | Truck Driver | 2 | 0 | 1800 | ६३,४२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २० र २१ गते (2-3 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने ⁄प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५०/०५६/५७

**HYHIRE INTERNATIONAL PVT. LTD.**
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308



**Government of Nepal (GoN)**

## Likhu Tamakoshi Rural Municipality

## Invitation for Bids

**Date of publication: 23-05-2024**

1. Likhu Tamakoshi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of the projects mentioned below under NCB Bidding Procedures. All other information and Bid Documents can be downloaded from PPMO website www.bolpatra.gov.np/egp. All the eligible bidder are requested to submit E-bid only as per Instruction with in mentioned period.

| S.N | Contract Identification No | Name of Project | Estimated Amount, With PS NRs (Exclusive of VAT and Contingencies) | Bid Security Amount (Rs.) | Bid Document Fee | Deadline for bid submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | LTRM/NCB/ WORKS/ 14/2080/81 | Kotgaun lift Khanepani yojna bahubarsiya likhu tamakoshi ga. pa. - 4, ramechhap. (CONSTRUCTION OF 200/150 MM DIA DEEP BORING WORKS.) | 38,03,304.69 | 1,12,000.00 | 3,000.00 | 23-06-2024 12:00 | 23-06-2024 14:00 |

2. Bidders should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** Nepal Investment Bank Ltd.
   **Name of Office:** Likhu Tamakoshi Rural Municipality
   **Office Account no:** 07001400250016
   **Rajaswa (revenue) Accont Name:** Ga 1 1 Aantarik Rajaswa Khata
3. For Evaluation Criteria, please refer the respective Bid Document in PPMO website www.bolpatra.gov.np/egp
4. Likhu Tamakoshi Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**
**Likhu Tamakoshi Rural Municipality**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – १३८७०० | प्रति तोला – १३८०५० | प्रति तोला – १८६५



**रोपाईंको तयारी** | प्यूठानको माण्डवी गाउँपालिका–३ स्थित नयाँगाउँका स्थानीय रोपाइँको तयारी गर्दै। नयाँगाउँका स्थानीय जेठ महिनामै रोपाइँ गर्ने गर्दछन्।
*तस्बिर : कुलदीप न्यौपाने/रासस*

# 'स्रोतको क्षमता हेरेर यथार्थपरक बजेट आवश्यक'

■ प्रभाव संवाददाता

**ललितपुर–** आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट ठूलो आकारको नभई स्रोतको उपलब्धताका आधारमा तथ्यपरक र यथार्थपरक विश्लेषणसहित आउनुपर्नेमा जानकारहरूले जोड दिएका छन्। नेपाल बुद्धिजीवी परिषद्ले ललितपुरको च्यासलस्थित नेपाल कम्युनिष्ट पार्टी (एमाले) को कार्यालयमा आयोजना गरेको 'आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यदिशा' विषयक छलफल कार्यक्रमका वक्ताहरूले त्यस्तो जोड दिएका हुन्।

कार्यक्रममा एमाले उपाध्यक्ष तथा पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको अर्थतन्त्रको अवस्था र स्रोतसाधनको सापेक्षतामा आधारित भएर बजेट ल्याइनुपर्ने बताए। 'हाम्रो राजस्व, वैदेशिक सहायता, आन्तरिक ऋणलगायत स्रोतको अवस्था हेर्दा ठूलो आकारको बजेट बनाउन सक्दैनौं। माग बढेको छ, त्यसकारण बजेटको आकार बढाई दिउँ भन्ने छुट हामीलाई छैन। ठूलो आकारको बजेट ल्याएर सुरूकै दिनमा बजेटको विश्वसनीयतामाथि प्रश्न उठ्ने अवस्था नआओस्', पौडेलले भने। सोहौं आवधिक योजना, सरकारको नीति तथा कार्यक्रम, सत्तारूढ दलको न्यूनतम साझा सङ्कल्पलगायत विषयमा आधारित भएर बजेट ल्याइनुपर्नेमा उनको जोड भयो।

अर्थतन्त्रमा देखिएका विद्यमान समस्या समाधान गर्नेगरी बजेट ल्याइनुपर्ने आवश्यकता पनि पौडेलले औंल्याए। 'अहिले विदेशी मुद्राको सञ्चिति राम्रो छ तर त्यसको प्रयोग भएको छैन। 'रेमिट्यान्स' आइरहेको छ तर त्यसको सदुपयोग हुन सकेको छैन। बैङ्कमा तरलता राम्रो छ तर उत्पादन र रोजगारीका क्षेत्रमा लगानी भएको छैन। खराब कर्जाको स्थिति बढेको छ। उद्योगधन्दा एक तिहाइ क्षमतामा चलेका छन्। यी समस्या समाधान गर्नेगरी बजेट आउनुपर्छ,' पौडेलले भने।

उनले शिथिल बनेको मुलुकको अर्थतन्त्रलाई कसरी चलायमान बनाउने भन्ने मुख्य चुनौतीलाई चिर्ने गरी बजेट आउनुपर्ने बताए। 'मानिसमा निराशा छ । उत्पादनका क्षेत्रमा उत्साहजनक अवस्था छैन। त्यसलाई चिर्ने गरी बजेट आउनुपर्छ,' पौडेलले भने, 'विकास अलमलिएको छ। त्यसलाई गति दिने गरी बजेट आउनुपर्छ।'

सामाजिक न्यायमा आधारित समाजावाद उन्मुख बजेटको दिशामा जानुपर्ने बेला आएको भन्दै पौडेलले बजेट विनियोजनमा तीन तहका सरकारबीच दोहोरोपन हुन नहुनेमा पनि जोड दिए। 'आवश्यकता पहिचानबिना नै योजनालाई बजेट दिने गरिएको छ। प्रदेश, पालिका, संघमा एउटै योजना छन्। जस्तो आयोजनालाई पनि योजना बैङ्कमा चढाई दिने समस्या छ। यस्तो प्रवृत्ति हट्नुपर्छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ', ' उनले भने।

एमालेका केन्द्रीय सदस्य तथा बुद्धिजीवी परिषद् इन्चार्ज विद्या भट्टराईले संविधानले नै बजेट कस्तो बनाउने भनेर मार्गनिर्देश गरेको बताए। बजेटलाई आर्थिक दृष्टिकोणले मात्र नभई अर्थसामाजिक दृष्टिकोणले समेत हेर्नुपर्ने उनको भनाइ छ। 'सैद्धान्तिकभन्दा पनि व्यावहारिक पक्ष र नागरिकका आकाङ्क्षालाई केन्द्रमा राखेर बजेट ल्याउनुपर्छ,' भट्टराईले भने, 'हामीले बजेटलाई उत्पादनमुखी बनाउने कि उपभोक्तामुखी मात्रै बनाइराख्ने भन्ने मुख्य विषयमा पनि बहस आवश्यक छ। साथै सांसदका सुझाव बजेटमा समेटिएनन् भनेर गुनासो आउने गरेका गुनासालाई पनि ख्याल गरिनुपर्छ।'

राष्ट्रिय योजना आयोगका सदस्य प्राडा शिवराज अधिकारीले मुलुकको आर्थिक अवधारणा कस्तो हुने भनेर संविधानले नै निर्धारण गरेको र त्यसलाई कार्यान्वयनमा जोड दिइनुपर्ने बताए। नेपालको बैङ्किङ तथा वित्त क्षेत्रले वास्तविक क्षेत्रमा लगानी बढाउन नसकेको उनको भनाइ छ। बजेट बनाउँदा पूर्वतयारी भएका र कार्यान्वयनयोग्य आयोजनामा रकम हाल्नुपर्ने भए पनि अहिले रातारात 'प्रोजेक्ट बैङ्क'को सूचीमा योजना थपेर बजेट विनियोजन गर्ने तयारी भइरहेको उनको आरोप छ।

विज्ञहरूले अर्थतन्त्रको आकार र आम्दानीको स्रोत कम हुँदा बजेट व्यवस्थापनमा सकस पर्ने गरेको उल्लेख गर्दै मुलुकको अर्थतन्त्र कृषि क्षेत्रबाट औद्योगिकीकरणमा जान नसकेर एकैपटक सेवा क्षेत्रमा जाँदा समस्या भएको धारणा राखे। 'नीतिगत भ्रष्टाचार र साधारण खर्च बढेको तर विकास खर्च घटेको छ। साँवाब्याजमा ठूलो रकम खर्च भइरहेको, 'रेमिट्यान्स'को पैसा घरायसी खपतमा धेरै खर्च हुने गरेको, सामाजिक सुरक्षालगायत कार्यक्रमले राज्यलाई दायित्व बढेको छ', उनीहरूले भने।

# श्रीराम चिनी मिल सञ्चालन हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** रौतहटको श्रीराम सुगर मिल्स लिमिटेड सञ्चालन गर्न सहमति जुटेको छ। सो उद्योग सञ्चालन गर्ने सम्बन्धमा बिहीबार गठित कार्यदलले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसमक्ष प्रतिवेदन पेस गरेको छ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिका सभापति एवं किरणकुमार साहको संयोजकत्वमा गठित कार्यदलले उद्योगीहरूलाई आर्थिक सङ्कट भएको र जग्गा उपयोग गरेर उद्योग चलाउने वातावरण बनाउनुपर्ने बताएबमोजिम उद्योगका नाममा रहेको करिब ७४ बिघा जग्गामध्ये मूल संरचनामा असर नपर्ने गरी र ऋण फरफारक एवं उपकरणहरूको मर्मतसम्भार गरी तत्काल सञ्चालन गर्ने सर्तसहित मूल सडकसँग जोडिएको केही जग्गा बेच्न दिने सहमति गरेको छ।

भूमिसम्बन्धी ऐन २०२१, औद्योगिक व्यवसाय ऐन २०७६, लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ तथा अन्य प्रचलित कानुनको प्रावधानअनुसार कम्पनीका नाममा रहेको जग्गालाई प्रयोग गरी उद्योग सञ्चालन गर्न उपयुक्त विधि पहिचान गरी आवश्यक कार्य कम्पनीले अगाडि बढाउने सहमति भएको सांसद साहले जानकारी दिए।

उक्त उद्योग विगत चार वर्षदेखि सञ्चालन हुन नसकेको एवं लगानीकर्ताले थप लगानी गर्न तथा ऋण तिर्न नसकेको देखिएकाले रुग्ण उद्योगको पहिचानसम्बन्धी कार्य गर्ने कार्यदलमा सहमति भएको छ।

उद्योगलाई औद्योगिक व्यवसाय ऐन, २०७६ तथा नियमावली अनुसारको प्रक्रिया गरी रुग्ण उद्योगको सुविधासहित रूपान्तरण गरी सञ्चालन गर्न अगाडि बढाउन उपयुक्त देखिने कार्यदलको ठहर छ। कार्यदलका संयोजक साहका अनुसार उद्योग सञ्चालन गर्दा उखु किसानलाई मिलसँग आबद्ध गराउन उखुको पर्याप्तता बढाउन र उखु किसानले बिक्री गर्ने तथा उद्योगले किन्ने चक्र मिलाउन उद्योगको कमान्ड क्षेत्र बनाई गर्न सकिने कार्यदलको सुझाव छ।

हाल उद्योगका औजार तथा जग्गा नेपाल बैङ्क लिमिटेडमा धितो रहेको र करिब रु ३१ करोड साँवा-ब्याजसहित ऋण रहेको एवं उक्त बैङ्कले लिलामी प्रक्रिया अगाडि बढाएको हुँदा सो प्रक्रिया सम्बन्धमा आवश्यक सहजीकरण हुनुपर्ने कार्यदलले सुझाव दिएको छ। प्रतिवेदन बुझ्दै मन्त्री भण्डारीले उद्योग सञ्चालन गर्न सहमति जुटेकामा खुसी व्यक्त गरे।

उनले भने, 'तीनै पक्षबीच सहमति जुट्नु खुसीको कुरा हो, यसबारे अर्थमन्त्रीसँग छलफल गरेर सरकारका तर्फबाट गर्नुपर्ने पहलकदमी अगाडि बढाउँछु।'

कार्यदलमा सभापति साहका साथै सांसद विना साह, संविधानसभा सदस्य रामकुमार भट्टराई, उद्योगीद्वय हितेश गोल्छा र विशाल अग्रवाल, उखु उत्पादक किसान संघका अध्यक्ष तथा स्थानीय संघर्ष समितिका अध्यक्ष अशोकप्रसाद यादव र मन्त्रालयका सहसचिव विपीन आचार्य सदस्य रहेका थिए।

विसं २०४९ मा स्थापित सो उद्योग २०७७ सालदेखि बन्द छ। झन्डै ७४ बिघा क्षेत्रफलमा रहेको सो उद्योगको नेपाल बैङ्क लिमिटेडले लिलामी सूचना निकालेर रानाकुमार अग्रवालले साकार गरेका छन्। जग्गाको लिलामी भने गरिएको छैन। स्थानीयको विरोधका कारण सो उद्योग अन्यत्र सार्न नसकिएपछि लामो समयदेखि विवाद हुँदै आएको छ।

# 'मूल्यवृद्धिले उद्योग बन्द हुने अवस्थामा'

**काठमाडौं (प्रस)–** ग्रिल तथा स्टिल व्यवसायी महासंघ नेपालले ग्रिलजन्य फलाम र निर्माण सामग्रीको उच्च मूल्य वृद्धिले सम्पूर्ण ग्रिल उद्योग बन्द हुने अवस्थामा पुगेको जनाएको छ। महासंघले एक विज्ञप्ति जारी गरी अन्तर्राष्ट्रिय बजारमा फलामको कच्चापदार्थ 'ब्लेड'को मूल्यमा वृद्धि नभए पनि नेपाली बजारमा मूल्य बढाइएको भन्दै महासंघले आपत्ति जनाएको हो।

देशभर सञ्चालित ११ हजारभन्दा बढी ग्रिल उद्योगमा कार्यरत करिब एक लाख ६० हजार श्रमिक र तिनमा आश्रित १५ लाख व्यक्तिको रोजगारी गुम्ने अवस्था आएकाले अस्वाभाविक मूल्य वृद्धिको अनुगमन गरी उचित कारबाही गर्ने व्यवस्था मिलाउन महासंघले सरोकारवाला निकायको ध्यानाकर्षणसमेत गराएको छ। 'यस्तो संवेदनशील विषयमा सरकारको ध्यानाकर्षण नभए सम्पूर्ण उद्योगी व्यवसायीले सम्बन्धित प्रमुख जिल्ला अधिकारीमार्फत उद्योग व्यवसायको साँचो सरकारलाई बुझाएर व्यवसाय बन्द गर्नुको विकल्प छैन'।

डढेलोबाट बचौं र बचाऔं

सानो असावधानीले डढेलोबाट जंगलमात्र होइन, आसपासका बस्तीसमेत उजाड हुनसक्छन्

त्यसैले,

- सलाई, लाईटर जस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग आगो निभाऔं,
- जंगल र वस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
- जंगलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
- आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
- जन, धन र वनको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

शम्भुनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कठौना, सप्तरी
मधेस प्रदेश, नेपाल

नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना

१) गर्मीयाममा अपनानुपर्ने कुराहरू
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, ह्यष्चतजष्लन ऋभलतचभ वा प्रसुती गृहमा जाऔ ।

३) नवजात शिशुलाई स्याहार कसरी गर्ने
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं ।
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ